Samaj Anweshan **समाज अन्वेषण** Vol. 2, No. 2 : 17 Oct.2024-13Apr. 2025
DOI: https://doi.org/10.3126/anweshan.v2i2.74142
Research Article
ISSN: 3021-9035 Print

# उनी फर्कदिनन् कि ! एकाङ्कीमा नारीको स्वरूप र भूमिका

**डा.कान्छी महर्जन**
*maharjankanchi@gmail.com*

## लेखसार

पृथ्वीको उत्पत्ति, जीवको उत्पत्ति र विकाससँगै मानिसको विकासक्रम अगाडि बढेको पाइन्छ । समाज मानिसहरूको पारस्परिक क्रियाको परिणाम हो । यसरी मानव र समाजको अन्योन्याश्रित सम्बन्ध रहन्छ । मानव जातिको आदिम इतिहासलाई व्यवस्थित ढङ्गले प्रस्तुत गर्ने प्रयास फेडरिक एङ्गेल्सले आफ्नो पुस्तक परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति भन्ने ग्रन्थमा गरेका छन्। यसमा उनले परिवारको ऐतिहासिक संरचना (विकासक्रम) को विश्लेषण गर्दै प्राचीन सामूहिक विवाहदेखि लिएर निजी स्वामित्वको उत्पत्तिसँगै प्रचलनमा आएको एक विवाह प्रथासम्म सामाजिक विकासका विभिन्न चरणहरूको चर्चा गरेका छन् । सामाजिक विकाससँगै समाजमा महिलाको भूमिका र महत्त्व पनि परिवर्तित हुँदै गएको पाइन्छ। यिनको सूक्ष्म चित्रण साहित्यमा हुनु स्वाभाविक र सामान्य नै हो। प्रस्तुत अध्ययनमा उनी फर्कंदिनन् कि ! भन्ने एकाङ्कीमा निहित समाज र त्यस समाजमा महिलाको सामाजिक, आर्थिक र राजनीतिक भूमिका उद्घाटन गर्ने प्रयत्न गरिएको छ किनकि समाजको ऐतिहासिक विकासक्रमलाई निर्धारित गर्ने आधारभूत मापदण्ड सामाजिक, राजनीतिक र आर्थिक तत्त्वहरू नै हुन्। आजको पुँजीवादी सामाजिक व्यवस्थामा हाबी रहेको पितृसत्तात्मक सोच र उत्पादन शक्तिमाथि अझै पनि महिलाहरूको सशक्त पहुँच पुग्न नसकेको स्थितिमा महिलाले आफ्नो अस्तित्व र सर्वोपरिताका लागि कठिन सङ्घर्ष गर्नुपरिरहेको छ भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ।

## शब्दकुञ्जी

अर्थोपार्जन, भौतिकवादी दृष्टिकोण, स्वामित्व, स्वायत्तता

## विषय प्रवेश

पृथ्वीको उत्पत्ति, मानव जातिको विकासदेखि समाज विकासका चरणहरूबारे चर्चा गर्ने सन्दर्भमा मार्क्सवादका आधारभूत सिद्धान्तहरूलाई एक महत्त्वपूर्ण ग्रन्थ मानिन्छ। फेडरिक एङ्गेल्सले सन् १८८४ को मार्चको अन्त्यदेखि मेको अन्त्यसम्म दुई महिनाभित्र लेखेको परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति शीर्षकको ग्रन्थलाई मूल आधार बनाएर उनी फर्कंदिनन् कि ! एकाङ्कीमा नारी स्वरूप र भूमिकाको अध्ययन गरिएको छ। एङ्गेल्सले आफ्नो यो कृतिमा परिवारलाई ऐतिहासिक तत्त्वको रूपमा विश्लेषण गर्दै परिवारका विभिन्न रूपको प्राचीन सामूहिक विवाहदेखि लिएर निजी स्वामित्वको उत्पत्ति भएपछि प्रचलनमा आएको एक विवाह प्रथासम्म सामाजिक विकासका विभिन्न चरणहरूसितको सजीव सम्बन्ध र उत्पादन पद्धतिमाथि यी रूपहरूको निर्भरताको उद्घाटन गर्नुभयो (मास्के, २०७५, प्रकाशकीय) । उत्पादन शक्तिको विकाससँगै सामाजिक व्यवस्थामा निजी स्वामित्वको प्रादुर्भाव भएपछि समाजको उत्पत्ति भयो। मानवको विकासक्रमसँगै आदिम साम्यवाद, दास समाज, सामन्ती समाज, पुँजीवादी समाजका साथै समाजवादी विचारको उदय हुने कुरा एङ्गेल्सले बताएका छन्। उनका अनुसार उत्पादन शक्तिको विकासक्रमअनुरूप भौतिक सम्पत्तिको उत्पादनपद्धति बदलिँदै जाँदा निजी

स्वामित्व उत्पन्न हुन्छ र यसैले परस्पर विरोधी वर्गहरूमा समाज विभाजित हुँदै जाँदा अन्त्यमा सर्वहारा क्रान्तिको अनिवार्यता पुष्टि हुन्छ। यिनै सामाजिक व्यवस्थासँगै ती समाजमा नारीका रूप र तिनको सामाजिक भूमिका पनि रूपान्तरण हुँदै गएको पाइन्छ। प्रस्तुत लेखमा सामाजिक व्यवस्थासँगै रूपान्तरित भएको नारीको रूप र भूमिकालाई उनी फर्कंदिनन् कि ! एकाङ्कीले कसरी सम्बोधन गरेको छ ? भन्ने कुरा विमर्श गरिएको छ।

## *अध्ययनविधि*

प्रस्तुत अनुसन्धान गुणात्मक प्रकृतिको रहेको छ। लेखमा आवश्यक सामग्री सङ्कलनका लागि पुस्तकालयीय अध्ययन प्रक्रियालाई अवलम्बन गरिएको छ अर्थात् प्राथमिक र द्वितीयक यी दुवै प्रकारका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ। यसमा एङ्गेल्सले परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति पुस्तकमा प्रस्तुत गरेको समाजको स्वरूप सूचकहरूमा आधारित रहेर कृतिको विश्लेषण र मूल्याङ्कन गरिएको छ। सैद्धान्तिक पर्याधार निर्माणका लागि एङ्गेल्सको उक्त पुस्तकलाई प्राथमिक स्रोतको रूपमा लिइएको छ। प्रस्तुत अध्ययनमा मुख्यतः सघन पाठविश्लेषणपद्धति अँगालिएको छ र विषयको पुष्टिका लागि कृतिकै साक्ष्य प्रस्तुत गर्दै तार्किक आधारमा निष्कर्ष निकाल्ने काम भएको छ। सातवटा एकाङ्कीको सङ्ग्रह रहेको निःश्वासका गुजुल्टाहरू नाटककार सुधा त्रिपाठीको एक मात्र प्रकाशित पुस्तकका आकारको नाट्यकृति हो। यसमा यही नाट्यकृतिमा समावेश उनी फर्कंदिनन् कि ! शीर्षकको एकाङ्कीलाई विश्लेष्य एकाङ्कीको रूपमा चयन गरिएको छ। उक्त एकाङ्कीको छनोट सोद्देश्यमूलक विधिका आधारमा गरिएको छ। यस कृतिको छनोटको मुख्य कारण उक्त कृतिले पुँजीवादी समाजमा नारीको स्वरूप र भूमिकालाई सशक्त रूपमा उद्घाटन गर्न सक्नु हो। उक्त एकाङ्कीमा नारीको सामाजिक, राजनीतिक र आर्थिक स्वरूप र भूमिकालाई केकसरी व्यक्त गरिएको छ ? भन्ने मूल समस्याकथनमा केन्द्रित भएर अनुसन्धान अगाडि बढेको छ।

## *सैद्धान्तिक पर्याधार*

प्रस्तुत लेखमा सङ्कथनको विश्लषणको मुख्य सैद्धान्तिक आधार एङ्गेल्सको परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति पुस्तक हो। यो पुस्तक मार्क्सले प्रतिपादन गरेको इतिहासको भौतिकवादी धारणा तथा टिप्पणीहरू र मोर्गनको पुस्तक पढेपछि तिनका निष्कर्ष तथा तथ्यहरूको प्रयोग गर्दै यो पुस्तक लेखेको एङ्गेल्सले स्वीकारेका छन्। उनले यस पुस्तकमा युनान र रोम, प्राचीन आयरल्याण्ड र प्राचीन जर्मनीबारे गरेको अनुसन्धानबाट प्राप्त विभिन्न थप सामग्री पनि समावेश गरेका छन्। उनले यस कृतिमा मार्क्सवादी साहित्यमा पहिलो पटक ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट परिवारको विकासमाथि प्रकाश पारेका छन्। यससँगै उनले यो कृतिको अधिकांश खण्डमा स्वामित्वको उत्पत्ति र विभिन्न रूपहरूको विकासको विश्लेषण गर्ने क्रममा नारीको स्वरूप र भूमिकाका बारेमा पनि उल्लेख गरेका छन्।

आदिम साम्यवादमा परिवारको इतिहासबारे कुनै कुरा अस्तित्वमा थिएन। आदिम साम्यवादी अवस्थामा अथवा एङ्गेल्सको विभाजनअनुसार जङ्गली अवस्थाको तल्लो र मध्यम अवस्थामा मानव समाजमा कुनै जाति वा वर्गको लोग्नेमानिस वा स्वास्नीमानिसको सत्ता थिएन (श्रेष्ठ, २०८०, पृ.३४)। सबैले एकै ढङ्गले काम गर्नुपर्थ्यो र सामूहिक श्रमले मात्रै आफ्नो जीवन रक्षा गर्थे। त्यतिबेला मातृसत्ता र पितृसत्ताको प्रश्नै थिएन। कालान्तरमा परिवारका सदस्यसङ्ख्या वृद्धिसँगै समाजको पनि विकास हुँदै गयो। पछि वंश, कुल र गोत्रको उत्पत्ति भयो। यतिबेला मानिसले घुमन्ते जीवनबाट पार पाइसकेका थिएनन्। यस समयका छोरो वा छोरी बाबुको नामले नचिनिकन आमाको नामले मात्र चिनिन्थे। तसर्थ माताको नामबाट मातृसत्ताअनुसार मात्रै वंशावली बनाउन सकिन्थ्यो र सुरुमा सबै प्राचीन जनजातिहरूमा यही प्रथा प्रचलित थियो (शर्मा, २०७५, प्रकाशकीय)। यस समयमा माता उच्च सम्मान र आदरका पात्र हुन्थे। आदिम समाजमा धेरैजसो आर्थिक विकास लोग्ने मानिसहरूबाट भन्दा बढी स्वास्नी मानिसहरूबाट नै भएको पाइन्छ। सिकारी युगमा महिलाहरू सिकार

खेल्नुबाहेक सबै काम गर्थे (श्रेष्ठ, २०८०, पृ.४७)। कृषि र पशुलपालनको विकासले मानिसलाई सम्पत्ति, स्थायित्व र शक्तिको नयाँ साधन प्रदान गर्‍यो। कृषिकै कारण लिइएको आइमाईको आर्थिक नेतृत्व फुत्कियो। महिलाहरूले पाल्तु बनाएका जनावरहरूलाई लोग्ने मानिसले कृषि कार्यमा लगाए। यससँगै उनीहरूले महिलालाई आफ्नो नियन्त्रणमा राख्न आवश्यक देखे। यसरी पितृत्वले स्वीकृति पायो। पशु, भूमिलगायत अन्य पैतृक धनको रूपमा सन्तानले सम्पत्ति पाउने परम्परा बन्यो। पितृप्रधान समाजमा महिला विवाहभन्दा पहिले एकदम सच्चरित्र हुनुपर्ने र विवाहपछि पूरा बफादार बन्नुपर्ने भयो (श्रेष्ठ, २०८०, पृ.४८)। कतै कतै त लोग्नेको मृत्युपछि महिलालाई पनि भौतिक र निजी सम्पत्तिझैँ सुम्पन सक्ने वा बेच्ने परम्परा देख्न सकिन्छ। यसरी समाजको विकास प्रक्रियामा उत्पादनमा हुँदै गएको वृद्धि र सम्पत्तिको उत्तराधिकार प्रथामा आएको परिवर्तन–अनुरूप मातृसत्ताको स्थानमा पितृसत्ता स्थापना भएको हो। सम्पत्ति, श्रम, उत्पादनका साधनको विकासले मातृसत्तामा हेरफेर आयो (श्रेष्ठ, २०८०, पृ.३९)। यसरी मूल रूपमा नारीहरू शोषित वर्गमा परे। उनीहरू महिला हुनुका नाताले पितृसत्तात्मक हैकमका जाँतामुनि पनि चेपिन पुगे।

दास प्रथायुक्त समाज र सामन्ती समाजमाझैँ पुँजीवादी समाजमा पनि आइमाईको हकअधिकार नमात्रै, पतित, घृणित र नीच सोच घनीभूत रूपमा रहँदै आएको पाइन्छ। औद्योगिक क्रान्तिले पुँजीवादको विकास अगाडि बढायो। औद्योगिक क्रान्तिको परिणामस्वरूपले एकातिर महिलाको स्वाधीनताको दाबी गर्ने आर्थिक आधार प्राप्त भयो भने अर्कातर्फ यस सामाजिक व्यवस्थामा मजदुर वर्गको दैनिक जीवन झन्झन् कष्टकर र दयनीय हुँदै गयो। लोग्ने मानिससँगै खराब वातावरणमा काम गर्दा स्वास्नी मानिसहरूको नैतिक पतन हुन्थ्यो (मास्के, २०८०, पृ.१२५)। यसरी हेर्दा फेडरिक एङ्गेल्सले बताएझैँ मातृसत्ताको पतन नारी जातिको विश्व ऐतिहासिक स्तरको पराजय थियो। पतिले घरमा शासनको बागडोर आफ्नो हातमा लियो, पत्नी अधिकार च्युत भइन्, दासी बनिन्, पतिको वासना पूर्तिको साधन बनिन्, सन्तान उत्पन्न गर्ने सामान्य यन्त्रमा परिणत भइन् (मास्के, २०७५, पृ.४३)। यसरी समाजको विकास प्रक्रियासँगै देखा परेका अवधारणासँगै नारीको सामाजिक अवस्था पनि परिवर्तित हुँदै आएको पाइन्छ। समाज विकासको आरम्भमा देखिएको नारीको सम्मान र प्रतिष्ठा पितृसत्ताको स्थापनासँगै घट्दै गएको देखिन्छ।

साहित्य सृर्जनाको मुख्य आधार समाज र सामाजिक जीवन नै हो। समाजको प्रभाव साहित्यकारमा पर्दछ र त्यसको स्पष्ट छाप साहित्यिक कृतिमा रहेकै हुन्छ भन्नुको तात्पर्य साहित्यकारले रचना गर्ने साहित्यको मुख्य आधार नै साहित्यकार बाँचेको समाज र भोगेको सामाजिक जीवन नै हो। साहित्य समयसापेक्ष अर्थव्यवस्था र नियमित सामाजिक परिपाटीहरूको अभिव्यक्ति भएकाले साहित्यिक रचना पनि सामाजिक जीवन भोगाइका अनुभवमा आधारित गरिनुपर्छ। यो तर्कमा आधारित भएर समाजसापेक्ष कृतिको मूल्याङ्कन गर्ने समाजपरक समालोचना प्रणालीको आरम्भ भएको हो। नाटक पनि साहित्यको एक प्राचीन र समृद्ध विधा भएकाले यसमा सामाजिक अवस्था व्यक्त भएकै हुन्छ। यस लेखमा नारी नाटककार सुधा त्रिपाठीको एकाङ्कीसङ्ग्रह निःश्वासका गुजुल्टाहरू (२०५५)मा सङ्गृहीत उनी फर्कदिनन् कि! शीर्षकको एकाङ्कीमा चित्रित नेपाली समाजको पुँजीवादी सामाजिक अवस्था र तिनमा नारीको स्वरूप र भूमिकाको अध्ययन विश्लेषण गरिएको छ। तीसको दशकको अन्त्यतिरदेखि नेपाली नाटक र रङ्गमञ्चतिर आकर्षित भएकी नाटककार सुधा त्रिपाठी नारीवादी चिन्तन, लेखन र भाषणमा प्रखर युवा नारीप्रतिभाका रूपमा देखिएकी छन् (उपाध्याय, २०६७, पृ.१४९)। उनी फर्कंदिनन् कि! एकाङ्कीसङ्ग्रहमा केही भन्नैपर्ने कुराहरूमा अभिव्यक्त उनको निम्नकथनबाट पनि उनका एकाङ्कीमा चित्रित नारीको सामाजिक भूमिका ज्ञात हुन्छ–

*यी असमानताका विरुद्ध चर्को आवाज उठाउनुपर्छ, अन्यथा महिला–मुक्ति सम्भव छैन तर यिनका अतिरिक्त पुरुष–हैकमका विरुद्ध पनि आवाज उठाउनुपर्छ। अन्यथा अहिलेजस्तै महिला–सङ्घर्षका आवाजहरू भाषण र*

*किताबी ज्ञानमा मात्रै सीमित रहन्छन्, जीवनका यथार्थमा त्यो ओर्लन सक्तैन (पृ.छ) ।*

उपर्युक्त कथनमा पितृसत्तात्मक आजको सामाजिक व्यवस्थामा नारीको सामाजिक अवस्था र तिनको सामाजिक भूमिका प्रस्तुत भएको छ । नारी पुरुषसमान नभएसम्म परिवार, समाज एवम् देशले अग्रगति लिन नसक्ने भाव प्रस्तुत भएको पाइने यिनका एकाङ्कीमा पुरुष स्वेच्छाचारी प्रवृत्तिको विरोध गरिएको छ (लुइटेल, २०६९, पृ.१९२)। प्रस्तुत लेखमा त्रिपाठीको उनी फर्कंदिनन् कि! एकाङ्कीमा अभिव्यक्त नारी स्वरूप र भूमिकाको अध्ययन र विश्लेषण गरिएको छ।

## *एकाङ्कीका पात्र र तिनको दृष्टिमा नारीको सामाजिक भूमिका*

यो एकाङ्की नारीकेन्द्री देखिन्छ। यसमा पुँजीवादी सामाजिक व्यवस्थामा आफ्नै पौरखमा बाँच्ने इच्छा राख्ने विवाहिता युवतीको सङ्घर्षको कथा छ। यसमा जम्मा दुई नारी पात्रको सामाजिक भूमिका चित्रित छ।

## *आमा र तिनको दृष्टिमा नारीको सामाजिक भूमिका*

आजको एक्काइसौँ शताब्दीको पुँजीवादी सामाजिक व्यवस्थामा मूलतः दुई विचारधाराका नारी पात्र देखिन्छन्– एक आमाजस्ता पुरातनवादी सोच राख्ने नारी पात्र र अर्का बिन्दुजस्ता शिक्षित र प्रगतिशील सोच राख्ने नारी पात्र। यी दुवै नारी पात्रबिच सामाजिक र पारिवारिक द्वन्द्व देखिन्छ। पुँजीवादी समाजमा विद्यमान अनेक प्रकारमा द्वन्द्वमध्ये नारीनारीबिच हुने वैचारिक द्वन्द्व पनि एक हो। यसले पक्कै पनि महिला मुक्तिमा पनि बाधा उत्पन्न हुन्छ। पुरातनवादी सोचको हाबी आमामा रहेको छ यसैकारण उनी आफ्नी शिक्षित र आधुनिक सोच राख्ने बुहारी बिन्दुमा आफूले कुनै समय बाँचेकोजस्तै परम्परायुक्त बुहारीको कल्पना गरेकी छन् । सो कल्पना र यथार्थमा मेल नखाँदा उनले बुहारीलाई फेरि त्यही बोक्सी छँडुल्नीको कुरा ? नसुना मलाई त्यसको नाम पनि ! (पृ.३) भनेकी छन् । आमाको विचारमा बुहारीले घरगृहस्थीका लागि अनेक त्याग र सम्झौता गर्नुपर्दछ भन्ने रहेको छ । घरगृहस्थी बचाउने सम्पूर्ण जिम्मेवारी र दायित्व केवल बुहारीको मात्रै हो भन्ने कुराको हाबी देखिएकै कारण आमाले झ्याङ्गिन लागेको गृहस्थीको लहरालाई चुँडालिदिई....बिर्सिदे त्यो बोक्सीलाई! (पृ.३) भन्छिन् । उनले छोराको कमजोरी र दायित्वको बारेमा जान्ने प्रयाससमेत गरेकी छैनन् । अझ छोराले आफ्नो गल्ती र कमजोरी महसुस गर्दै श्रीमती बिन्दुको भावना बुझ्ने कोसिस नगरेकोमा पश्चाताप व्यक्त गर्दा पनि आमाले हो हो, म केही नबुझ्ने भएँ। म अशिक्षित, असभ्य, बुद्धि नभएकी ! तिमीहरूजस्ता पढ्यालेख्या मान्छेका कुरा किन बुझ्थेँ ?(पृ.४) भन्छिन्। हुन पनि उनी अशिक्षित भएकै कारण उनमा नारीचेतना जागृत नभएको हो भन्न सकिन्छ। यही कारणले उनले नारी भएर पनि नारीको पीडा र समस्यालाई बुझ्न नसकेको निष्कर्ष उनको छोरो अमृतले व्यक्त गरेका छन् । सामाजिक सत्ताअनुसार सामाजिक चेतना निर्माण हुन्छ (किरण, २०६५, पृ.१२६)। यो एकाङ्कीका आमामा पितृसत्तात्मक सामाजिक सत्ताअनुसारको सामाजिक चेतनाको निर्माण भएको देखिन्छ। आज नारीलाई नारीकै विरोधमा खडा गराउने षड्यन्त्रको कारक पनि पितृसत्ता नै हो (त्रिपाठी, २०६७, पृ.१५६) । पुरातन संस्कारले दीक्षित आमामा पुरातन जीवनदृष्टि देखिन्छ।

## *बिन्दु र तिनको दृष्टिमा नारीको सामाजिक भूमिका*

बिन्दु सहरिया शिक्षित र प्रगतिशील सोच राख्ने नारी पात्र हुन्। उनी यो एकाङ्कीमा अमृतकी पत्नी, आमाकी बुहारी र सम्पूर्ण नारी वर्गको मुक्तिका लागि आवाज उठाउने एक योद्धा पनि हुन्। बिन्दु केवल पत्नी र बुहारीको सामाजिक भूमिकामा मात्रै सीमित भएर बस्न नचाहने नारी हुन्। तर यसको विपरीत पुरातनवादी सोच राख्ने अमृत र आमा बिन्दुको स्वतन्त्रतामा हस्तक्षेप गर्दछन्। पुँजीवादी सामाजिक व्यवस्थामा नारीले अर्थका लागि काम गर्न घरबाहिर जान चाहेको देखिन्छ, जुन कुरा अमृतजस्ता पुरुषवादी सोच राख्ने पात्रलाई सह्य भएको छैन। त्यसताका

हामीले जागिर खान नजाऊ भनेर कत्ति भन्दा पनि ऊ मानेकी थिइन (पृ.१०) भन्ने अमृतको भनाइबाट बिन्दु घरगृहस्थीमा मात्र सीमित नभई अर्थोजार्नमा समेत पहुँच राख्न चाहने पात्र हुन् भन्ने स्पष्ट हुन्छ। यस्तै गरी उनले नाटक हेर्न जाने कुरामा अमृत राजनीति देखेर रिसाउँछन्। उनले नारीको मुक्तिका लागि गरेको भाषण पनि अमृतको दृष्टिमा लाजको विषय बनेको सुन्दा उनी त्यसको ठाडो प्रतिवाद गर्दै भन्छिन् – हो, अस्ति अन्तरराष्ट्रिय नारी दिवसका दिनमा मञ्चमा दुईचार कुरा बोलेकी थिएँ त्यसमा मैले के बिराएँ ? (पृ.६)। उनले अमृतको विचारमा प्रतिवाद गर्न पितृसत्तात्मक सोचको विरोध गरेकी हुन्। बोल्न, खान, लगाउन, हिँड्न हरेक कुरामा पुरुषको नियन्त्रण अमृतजस्ता पात्रहरू चाहन्छन्। यहाँ बिन्दुले त्यसको खुलेर विरोध र प्रतिवाद गरेकी छन्। अझ अमृत नारीमुक्तिजस्तो महत्त्वपूर्ण र गम्भीर विषयलाई घर भाँड्ने राजनीति बताउँदै भन्छन्– नारी स्वतन्त्रता चाहियो रे, कुन्नि केरे केरे ! के खोज्या तिमीले ? आफू त भाँडियौभाँडियौ, संसारका चेलीबेटी पनि बिगार्न थाल्यौ, होइन? चाहिँदैन मलाई तिम्रो राजनीति ! (पृ.६)। वर्गीय हितका लागि आवाज उठाउँदा त्यस पितृसत्तात्मक सोचबाट विकसित अमृतलाई असह्य विषय बनेको छ। तर बिन्दु भोको पेटको छटपटीलाई म राजनीति भन्न सक्तिनँ (पृ.७) भन्दै आफ्नो तर्क र धारणामा अडिग हुन्छिन्। उनी कुनै पनि हालतमा सम्झौता गर्ने पक्षमा देखिन्नन्। उनी आज पनि चुप लागेर पुरुष दासत्वका अगाडि झुकेर आफ्नो घर जोगाउने धुनमा लागे मेरो युगले मलाई थुक्नेछ (पृ.७) भन्छिन्। उनी नारीवर्गको मुक्तिका लागि आवाज उठाउनु आफ्नो कर्तव्य र दायित्व सम्झन्छिन्। पुरुषसत्तात्मक सोचयुक्त पुँजीवादी सामाजिक व्यवस्थामा अमृतजस्ता पुरुषले खोज्ने नारीको सामाजिक भूमिकाकाबारेमा बिन्दु अझ स्पष्ट बताउँदै भन्छिन्–

> *तिमी पितृसत्तात्मक समाजका लोग्ने मान्छे हौ, तिम्रा प्रत्येक आचरणलाई समाजले मान्यता दिएको छ। तिम्रो जातलाई भार्या चाहिन्छ, सहधर्मिणी होइन। तिमीहरूका अगाडि सम्पूर्ण आफू र आफ्नोपनलाई बिर्सिदिन सक्ने आश्रिता चाहिन्छ। हामी बिउँझिएको तिमीहरूलाई मन पर्दैन। तिमीहरू त मुर्दालाई अँगालेर बाँच्न चाहन्छौ। तिमीहरूको तालमा नाच्ने कठपुतली चाहन्छौ। सत्य कुरा सहन कठिनै हुन्छ (पृ.८)।*

वास्तवमा स्वतन्त्रता विनाको जीवन मुर्दासमानै हुन्छ। पितृसत्तात्मक समाजको संस्कारमा हुर्केका अमृतजस्ता पुरुष पात्रहरू पत्नीलाई कठपुतली ठान्छन् र त्यस्तै रूपमा देख्न चाहन्छन् तर यहाँ बिन्दु आधुनिक नारीचेतनायुक्त नारी पात्रका रूपमा चित्रित छिन्। नारीको पनि आफ्नो सत्ता हुन्छ, स्वतन्त्रता हुन्छ भन्ने अस्तित्वबोध नभइदिएको भए आज यो ज्वाला चर्कने थिएन (पृ.९) भन्दै उनी गृहत्याग जस्तो कठिन निर्णय लिन्छिन्।सामान्य महिलाहरू पतिको गृहत्यागपछि जाने गन्तव्य भनेको माइत नै हो। माइतमा पनि छैन रे ! कहाँ गइहोली ? पृ.१०) भन्ने अमृतको भनाइले बिन्दु पतिको गृहत्यागपछि पनि माइत गएकी देखिँदैनन्। यसबाट उनी स्वावलम्बी र आफ्नै पौरखमा बाँच्न सक्षम नारीपात्र हुन् भन्न सकिन्छ। सामाजिक व्यवहार, उत्पादनका निम्ति सङ्घर्ष र वर्गसङ्घर्षका बिचबाट ज्ञान र चेतनाको विकास हुन्छ। पतिको गृहत्यागको निर्णय सहज रूपमा लिन उनलाई नारी चेतनाले सहयोग गरेको छ। पारिवारिक विखण्डन जोगाउन शताब्दीऔँ अगाडिबाट नारीले गर्दै आएको सम्झौता र त्याग आज पनि के नारीले मात्र गर्नुपर्छ ? के पारिवारिक विखण्डन जोगाउन पुरुषको कुनै भूमिका हुँदैन ? भन्ने जस्ता प्रश्नको उत्तरमाबिन्दुले आफ्नो स्वतन्त्र सत्तालाई चयन गरेकी छन्। उनी प्रेम र परिवारका नाममा आफ्नै अस्तित्वको मलामी जान मन नपराउने नारी पात्रका रूपमा देखा परेकी छन्। यिनी आफ्नो अस्तित्वप्रति सचेत बन्दै दोस्रो दर्जाको नागरिकको रूपमा होइन, पूर्ण नागरिकको रूपमा स्थापित हुन सङ्घर्षरत नारी पात्र हुन्।

## अमृत र तिनको दृष्टिमा नारीको सामाजिक भूमिका

अमृत यो एकाङ्कीका पुरुष पात्र हुन्। उनी आमाको छोरो र बिन्दुको पतिको सामाजिक भूमिकामा देखा परेका

छन्। यो एकाङ्कीमा अमृतको नारी पात्र र तिनको सामाजिक भूमिकाका सन्दर्भमा राखिएको दृष्टिकोण गतिशील देखिन्छ। एकाङ्कीको आरम्भमा उनी पितृसत्तात्मक समाजको सामाजिक संस्कारबाट अति प्रभावित भएर नारी पात्र र तिनको सामाजिक भूमिका चाहने पात्रका रूपमा चित्रित छन्। आफ्नी पत्नी बिन्दुले नाटक हेर्न जाने कुरा गरेको र नारीमुक्तिका लागि भाषण गरेको अमृतको दृष्टिमा घर भाँड्ने राजनीति हो। उनी आफ्नी पत्नी बिन्दुलाई मर्यादामा राख्न चाहन्छन्। अमृतको विचारलाई समीक्षा गर्दा यहाँ मर्यादा भन्नाले पक्कै पनि नियन्त्रण हो भन्ने बुझिन्छ। तर्कले जित्न नसकेपछि उनी बिन्दुलाई मैले राम्री, सम्पन्न तथा कुलीन परिवारकी केटीसँग जोड्न लागेको सम्बन्धलाई लत्याएर तिमीलाई स्वीकारेको थिएँ, कमसेकम त्यत्तिका लागि पनि तिमीले मप्रति कृतज्ञता जनाउनुपर्ने हो (पृ.८) भन्दै बिन्दुसँग विवाह गर्नु उनीमाथि उपकार गर्नु हो समेत भन्छन्। यस अभिव्यक्तिमा पुरुष श्रेष्ठ हो र नारी गौण हो भन्ने पुरुषहठ अमृतको निम्न कथनमा अझ स्पष्ट व्यक्त भएको छ। उनी भन्छन्– मजस्तो लोग्ने पाउन त तँलै सात जन्म तपस्या गर्नुपर्छ बुझिस् ? सानो तिनो उदारता देखाएको होइन मैले तँसँग आफ्नो सम्बन्ध जोडेर (पृ.८)। अमृतले बिन्दुसँग विवाह गरेर उनीमाथि दया र उपकार मात्र होइन, उदारता प्रस्तुत गरेको भन्दै पुरुष हुनुको अहम्ता चर्को रूपमा व्यक्त गर्छन्। उनी यहाँ निर्णायक बन्न चाहेका देखिन्छन्। पितृसत्तात्मक समाजमा नारीका स्वभाव र चरित्रको निर्माता पुरुष नै हुने गर्छ (त्रिपाठी, २०६७, पृ.२६)। अमृतको नारीको सामाजिक भूमिकासम्बन्धी सङ्कुचित सोचकै कारण महिला भएर बाँच्न चाहने बिन्दुले पतिको गृहत्याग गर्छिन्।। यिनी समाजमा महिलालाई यथास्थितिमा राखी उनीहरूमाथि शोषण गर्ने पक्षमा देखिन्छन्। एक्लोपन र अँध्यारो कोठामा अमृतले आफ्नो मानसिकता र सोचको मन्थन गर्छन्। यसैको फलस्वरूप उनको नारीको सामाजिक भूमिकाप्रतिको दृष्टिकोण परिवर्तन हुन्छ। एकाङ्कीको अन्त्यमा बिन्दुप्रति उनको दृष्टिकोण परिवर्तन भएको छ। उनी भन्छन् –ऊ आफ्नै पौरख, आत्मबल र अडानमा बाँच्न चाहँदी रहिछ (पृ.१०)। पुरुषसरह स्वतन्त्र र स्वाभिमानले बाँच्न चाहने पत्नीको चाहनालाई अमृतले ढिलो बुझेका छन्, जसको मूल्य उनले चुकाएका छन्। उनी पत्नीको वियोगको पीडामा आहात बनेका छन्। उनले हातमा छउन्जेल मणि हो भनेर चिन्न सकेनौँ (पृ.१०) भन्दै पत्नीको गरिमामय सामाजिक भूमिकाको मूल्याङ्कनसमेत गरेका छन्। यसरी समयमै पत्नीको इच्छा–अनिच्छाको कुनै ख्याल नगरेकै कारण उनले पत्नी बिन्दुसँग विछोडको पीडा सहनुपरेको छ। जीवनआदर्श रूढ नभएर यथार्थपरक र व्यावहारिक हुनुपर्छ, जीवनशैलीको परिवर्तनसँगै परिवर्तित हुँदै जाने लचकता त्यसमा रहनैपर्छ। अन्यथा जीवन विसङ्गत बन्छ र व्यक्तित्व द्वैध प्रकृतिको हुन्छ (त्रिपाठी, २०६७, पृ.१७०)। यो कुरा मनन गर्दै उनी एकाङ्कीको अन्त्यमा आत्मरूपान्तरण र सामाजिक रूपान्तरण चाहने पात्रका रूपमा रूपान्तरित भएका छन्।

## *एकाङ्कीका पात्र र तिनको दृष्टिमा नारीको राजनीतिक तथा आर्थिक भूमिका*

आदिम इतिहासको लामो अवधिसम्म उत्पादनका साधनहरूमा सामूहिक स्वामित्व रहेको थियो। एङ्गेल्सका अनुसार उत्पादनका शक्तिहरूको विकास एवम् श्रमको उत्पादनशीलतामा वृद्धिको साथै अर्काको श्रमको फल हत्याउने सम्भावना पैदा भयो, जसको फलस्वरूप निजी स्वामित्व र मानवद्वारा मानवको शोषणको प्रादुर्भाव भयो। यसै क्रममा वर्गको उदय भयो। यसरी वर्गको उदयसँगै महिलामाथि उत्पीडनको पनि सुरुवात भएको पाइन्छ। महिलाहरू आर्थिक, मनोवैज्ञानिक, राजनैतिक आदि रूपले नियन्त्रित र उपेक्षित बन्दै गएपछि नारीमुक्तिका लागि आन्दोलित बन्दै मतदान र अन्य नागरिक अधिकारका निम्ति लड्न थाले। आर्थिक सङ्घर्षका लागि महिला आन्दोलनको प्रथम खुड्किला मान्दै आन्दोलन अगाडि बढाइयो किनभने आर्थिक स्वतन्त्रताको अभावमा महिला स्वतन्त्रता केवल सैद्धान्तिक मात्र रहन्छ। मजदुर आन्दोलनसँगै अगाडि बढेको महिलामुक्ति आन्दोलनमा कहिल्यै कुनै स्वायत्तता थिएन बरु यो आन्दोलन त राजनीतिज्ञहरूको खेलौना सावित हुँदै आयो। यसैको फलस्वरूप आजको पुँजीवादी सामाजिक

व्यवस्थामा महिलामुक्ति आन्दोलन जारी नै देखिन्छ ।महिलामुक्ति आन्दोलनमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ किनभने शिक्षा मानवविकासको लागि अपरिहार्य आधार स्तम्भ हो। शिक्षाविना कुनै पनि मानवको भौतिक विकास र चेतनाको स्तर वृद्धि हुन सक्तैन (लुइटेल, २०६९, पृ.३७) । शिक्षाले नै चेतनाको स्तरका साथसाथै आत्मनिर्भरता बढाउने कार्य गर्दछ।

## *अमृत र तिनको दृष्टिमा नारीको राजनीतिक तथा आर्थिक भूमिका*

अमृत पुँजीवादी सामाजिक व्यवस्थाका पुरुष पात्र हुन्। यिनमा पितृसत्तात्मक सोचको हाबी पाइन्छ। यिनमा नारीका सम्बन्धमा पुरातनवादी सोच भएकाले नारीको सामाजिकका साथसाथै राजनीतिक र आर्थिक भूमिका–सम्बन्धी सङ्कुचित व्यवहार छ । यसैकारण उनी आफ्नी पढेलखेकी र आत्मनिर्भर श्रीमती बिन्दुलाई अस्ति नै पनि कुन्नि कहाँ हो भाषण दिन गएको रे ! साथीहरूले भन्दा पो थाहा पाएँ। लाजले टाउकै उठाउन सक्या होइन (पृ.६) भन्छन् । उनको विचारमा नारीले आफ्नो स्वतन्त्रताका लागि आवाज उठाउनु घर भाँड्ने राजनीति रहेको छ। उनी आफ्नी पत्नी चुल्होचौकामा नै सीमित रहून् भन्ने चाहन्छन्। आर्थिक रूपले आत्मनिर्भर बिन्दुलाई कयौँ पटक उनले जागिर छोड्नसमेत दबाब दिन्छन् । यसरी अमृतको दृष्टिमा नारीले राजनीति गर्नु र आर्थिक रूपले आत्मनिर्भर रहनु घर भाँड्ने राजनीति गर्नु हो।

## *बिन्दु रतिनको दृष्टिमा नारीको राजनीतिक तथा आर्थिक भूमिका*

बिन्दु पुँजीवादी सामाजिक व्यवस्थाकी नारी पात्र हुन्। उनी पढेलेखेकी र आर्थिक रूपले समेत आत्मनिर्भर पात्र हुन्। उनी नारी आर्थिक रूपले आत्मनिर्भर नभएसम्म नारीमुक्ति सम्भव छैन भन्ने कुरा बुझेकी पात्र भएकीले घरपरिवार र श्रीमान्ले समेत पटकपटक जागिर छाड्ने दबाब दिँदा पनि सम्झौता नगरेकी देखिन्छिन् । उनमा नारी चेतना प्रबल देखिन्छ। स्वाधीनताका लागि आर्थिक तत्त्व गौण हुँदैन वा मान्नुहुँदैन भन्ने धारणा बिन्दुमा छ। यसकारण आफ्नो वर्गीय हितका लागि उनी भाषणसमेत दिन्छिन् । सबै नारीलाई गोलबन्द गरेर नारी स्वतन्त्रताका लागि अगाडि बढ्नुपर्ने उनको धारणा रहेको छ । आफ्नो वर्गीय हितका लागि आवाज उठाउँदा त्यो राजनीति हुन्छ भने भइरहोस् (पृ.६–७) भन्दै उनी त्यसलाई आफ्नो कर्तव्य र दायित्व सम्झन्छिन् । उनमा अस्तित्वबोध रहेको छ । राजनीतिक र आर्थिक भूमिकाले गर्दा उनमा यो अस्तित्वबोध चेतना प्रबल देखिएको हो। अस्तित्वबोध नभइदिएको भए आज यो ज्वाला चर्कंने थिएन (पृ.९) भन्दै बिन्दुले पतिको गृहत्यागको क्रान्तिकारी निर्णय गर्दछिन्। पुरुषको बिचमा आफ्नो अस्तित्व कायम गर्नका लागि महिलाले पुरुषको जस्तै सिर्जनात्मक कार्य गर्नुपर्दछ । यहाँ बिन्दु महिला भए पनि मानव जातिको पूर्ण सदस्यताको अधिकार पाउनका लागि सर्वोपरिताको दिशामा अग्रसर देखिन्छिन्।

## *निष्कर्ष*

मानवको विकासको तीन मुख्य चरणमा विवाहको स्वरूप पनि तीनै ओटै मुख्य रूपमा देखिन्छ। एङ्गेल्सका अनुसार जङ्गली युगमा समूह विवाह, बर्बरयुगमा युगल विवाह र सभ्य युगमा एकनिष्ठ विवाह प्रचलित छ। मातृसत्ता मातृवंशानुक्रमअनुरूप मातृगोत्रको उत्तराधिकारी प्रथा र नारीको मानमर्यादामा आधारित देखिन्छ। यस्तै पितृगण समाजमा मातृसत्ताको ठाउँमा पितृसत्ताको स्थापना भयो। राज्य उत्पत्तिसँगै निजी सम्पत्तिको अवधारणा विकास भएसँगै असमान रूपमावर्ग विकास हुँदै गयो । समाजमा वर्गको उदयसँगै महिलाहरूमाथि अनेक प्रकारका शोषण हुँदा महिलाहरू उपेक्षित बन्दै गए र उनीहरू आर्थिक, मनोवैज्ञानिक, सामाजिक, राजनैतिक आदि रूपले नियन्त्रित बन्न बाध्य हुन थाले। अनेकौँ वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक तथा दलित मुक्तिको आन्दोलन हुँदै गए। उनीहरू नागरिक अधिकारका लागि लड्न थाले । आर्थिक स्वतन्त्रताको अभावमा महिला स्वतन्त्रता केवल अमूर्त र सैद्धान्तिक मात्र रहन्छ भन्दै महिलाहरू आर्थिक स्वतन्त्रताका लागि अगाडि बढ्न थालेको पाइन्छ । यसरी निजी सम्पत्तिको अवधारणाले ऐतिहासिक विकासक्रममा सामाजिक स्तरमा

महिलालाई निरन्तर हीनतर स्थितिमा पुऱ्याएको देखिन्छ।

उनी फर्कदिनन् कि ! एकाङ्कीमा बिन्दुले परम्परागत जिम्मेवारीका साथसाथै नयाँ युगको जिम्मेवारीलाई समेत सहज रूपमा निर्वाह गरेकी छन् । उनले पितृसत्तात्मक सोचको चेपमा चेपिएर पहेँलो हुन आँटेको आफ्नो सर्वोपरिता र अस्तित्वका लागि समाजसँग मात्र नभएर आफ्नै पति अमृतसँग क्रान्तिकारी विद्रोह गरेकी छन्। महिला भएर पनि उनकी सासू आमा महिलामुक्ति विरोधीका रूपमा देखा परेकी छन् । एकाङ्कीमा चित्रित समाज मूलतः पूँजीवादी रहेको छ। यसको सामाजिक स्वरूप शोषणमा आधारित छ । समाजविश्लेषणको मुख्य आधार आर्थिक किनकि लैङ्गिक शोषणको जग नै परिवार र निजी स्वामित्वको आरम्भबाट सुरु भएको देखिन्छ। निजी सम्पत्ति, परिवार र राज्यको उत्पत्तिसँगै नारीबन्धन प्रारम्भ भएकाले ती कुराहरूको विलयनसँगै नारीबन्धनसमेत विलयन हुने विश्वास एङ्गेल्स राख्छन् । पुँजीवादी समाजमा महिलाका लागि मात्र बनेका पारिवारिक अनुशासनको अवश्य पनि विरोध गर्नुपर्दछ तर असल नैतिक मूल्य र मान्यताको पालनाको गर्नुपर्छ। यस्तो अनुशासन समाजमा रहने पुरुष र महिला सबैमा समान रूपमा लागु हुनुपर्ने र नरनारी दुवैसँग आर्थिक अधिकार समान भएमा शक्ति सन्तुलन हुने कुराको निष्कर्ष एकाङ्कीको छ।

## *सन्दर्भ सामग्रीहरू*


एङ्गेल्स, फेडरिक (२०७५). *परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति.* (राजेन्द्र मास्के अनु.). काठमाडौँ : प्रगति पुस्तक सदन।

किरण (२०६५). *नेपाली समाज र संस्कृति : एक संक्षिप्त अध्ययन.* (दोस्रो संस्क.). काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.।

तुम्बाहाम्फे, शिवमाया (२०५९). *नेपालमा महिला आन्दोलन (२००४–२०४६).* काठमाडौँ : अखिल नेपाल महिला सङ्घ।

त्रिपाठी, सुधा (२०५५). *निःश्वासका गुजुल्टाहरू.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान।

त्रिपाठी, सुधा (२०६७). *नारीवादको कठघरामा नेपाली साहित्य.* ललितपुर : साझा प्रकाशन।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौँ : भुँडीपुराण।

मास्के, एंगेल्स तथा अन्य (२०६५). *द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद मार्क्सवादका आधारभूत सिद्धान्तहरू.* (रमेश सुनुवार अनु.). काठमाडौँ : प्रगति पुस्तक सदन।

रिसाल कौशिला (प्रधान सम्पा.) (२०८०). *समाज अन्वेषण.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान, १:२।

लुइटेल, लीला (२०६९). *नेपाली महिला साहित्यकार.* काठमाडौँ : गुञ्जन (नारी साहित्यिक संस्था)।

सीमोन द वुभा (२०७५). *महिला.* (रमेश सुनुवार अनु.) काठमाडौँ : प्रगति पुस्तक सदन।

श्रेष्ठ, हरिबहादुर (२०८०). *समाज विकासको एक झलक.* भक्तपुर : स्रष्टा समाज नेपाल।